नेपाल सरकार

# दक्षिणकाली नगरपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं

(प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७२/०४/१३)

यस नगरपालिका कार्यालयको चालु आ.व. ०७२/०७३ को लागी आवश्यक पने तपसिलका कार्यहरु गर्नका लागी स्थानाय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० बमोजिम छुट्टाछुट्टै सूची तयार गर्न, सम्बन्धित कार्य गर्नका लागी इजाजत प्राप्त आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायक संस्था र निर्माण व्यवसायीहरुले नविकरण सहितको प्रमाण-पत्रका प्रतिलिपी, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता र आन्तरिक राजश्व कार्यालयबाट आ.व. ०७१/०७२ को लागी कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपी सहितको यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले गर्न चाहेको कारोवारको संक्षिप्त व्यहोरा तथा पत्राचार गर्ने ठेगाना सम्पर्क व्यक्तिको नाम एवं फोन वा मोवाईल नं. स्पष्ट उल्लेख गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । प्राप्त निवेदन उपर छानविन गरी सूचिकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

## तपसिल

**क) खरिद तथा आपूर्ति तर्फ**

१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) २. छपाई सम्बन्धि ३. पत्रपत्रिका तथा पुस्तकहरु ४. फर्निचर तथा फिक्चर्स खरिद तथा आपूर्ति ५. इलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर, फोटोकपि मेशिन, यू.पि.एस., फ्याक्स मेशिन, इन्भर्टर, व्याट्रि आदि) खरिद आपूर्ति ६. सवारी साधन ७. सूचना प्रकाशन तथा प्रसारण सम्बन्धि ८. विद्युत सम्बन्धि सामानहरु (पंखा, एयरकन्डिसनर, हिटर, तार, वाईरिङ्ग सम्बन्धि सामान आदि) ९. सरसफाई तथा बगैचा व्यवस्थापन १०. सुरक्षा सेवा ११. सार्वजनिक सम्पत्ति निर्माण तथा मर्मत संभार १२. एल्मुनियम पाटेसन ।

**ख) मर्मत तर्फ**

१. फर्निचर तथा फिक्चर्स २. इलेक्ट्रोनिक्स उपकरणहरु ३. सवारी साधन ४. विद्युतीय सामानहरु

**ग) परामर्श सेवा तथा अन्य सेवा तर्फ**

१. Annual Hardware maintenance, software customization maintenance २. Software निर्माण ३. Computer networking ४. विभिन्न किसिमका परामर्श सेवाहरु

**शर्तहरु :**

क) म्याद नाघी पेश भएको, आवश्यक प्रमाण-पत्रको प्रतिलिपा संलग्न नभएको वा रितपूर्वक निवेदन उपर कुनै कारवाही हुने छैन ।

ख) प्रत्येक समुहको कामका लागि छुट्टाछुट्टै आवेदन दिनुपर्नेछ ।